दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ९५ | बुटवल | २०८२ चैत २१ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday April 04, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## विज्ञापनबारेको निर्णय फिर्ता लिन सञ्चार सम्बद्ध संस्थाहरूको माग

बुटवल । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सचिवस्तरको निर्णयअनुसार भन्दै सरकारी विज्ञापन सरकारी र सरकारी स्वामित्व रहेका सञ्चारमाध्यममा मात्रै प्रकाशन गर्ने निर्णइ तत्काल फिर्ता लिन सञ्चार सम्बद्ध विभिन्न संस्थाहरुले माग गरेका छन् । प्रकाशन तथा प्रशारण संघ लुम्बिनी, टेलिभिजन एशोसिएसन लुम्बिनी, अनलाइन मिडिया सोसाइटी लुम्बिनी र पत्रकार महासंघ रुपन्देहीले संयुक्त विज्ञप्ति जारी गरी निर्णय फिर्ता लिन माग गरेका हुन् ।

**चार संस्थाले जारी गरेको विज्ञप्ति यस्तो छ :**

'संघीय लोकतान्त्रिक व्यवस्था अंगालेको हाम्रो मूलुकमा लोकतन्त्रको चौथो अंगलाई कमजोर बनाउने उदेश्यका साथ गलत नियतबाट प्रेरित भइ यो सूचना सार्वजनिक भएको हो भन्ने हाम्रो बुझाइ हो । निजी क्षेत्रबाट सञ्चालित सञ्चारमाध्यमहरुले आमजनताका मुद्दा सरकार र सरकारी संयन्त्रसम्म पुऱ्याउने, सरकारलाई झक्झक्याउने र मार्गदर्शन गर्ने कार्य गर्दै आएको सन्दर्भमा सरकारी सञ्चारमाध्यमको संरक्षण र निजी क्षेत्रबाट सञ्चालित सञ्चारमाध्यम बन्द गराउने दुराशयबाट यो कदम चालिएको हो भन्ने स्पष्ट छ । सरकारी निकायबाट प्राप्त हुने विज्ञापनमा हुने बेथितिलाई नियन्त्रण गर्ने, नियमन गर्ने र सरकारी स्रोतको उच्चतम् तरिकाले उपयोग हुने वातावरण बनाउँदै सञ्चारमाध्यमहरुको संरक्षणमा चासो दिनुपर्नेमा मिडिया सञ्चालनको स्रोतमै हस्तक्षेप गरी मिडियालाई कमजोर बनाउने गरी चालिएको अलोकतान्त्रिक कदम फिर्ता लिन हामी जोडदार माग गर्दछौं ।

अर्कोतर्फ, संविधानतः अधिकार प्राप्त प्रदेश सरकार र स्थानीय सरकारलाई समेत निर्देशनात्मक पत्राचार हुनु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अधिकार क्षेत्रमाथि समेत हस्तक्षेप गरेको र यसले संघीयतालाई समेत कमजोर बनाउने देखिन्छ । संघ सरकारले संविधानतः प्रदेश र स्थानीय तहमा प्रत्यायोजन गर्नुपर्ने अधिकारमाथि अंकुश लगाउने कदमको समेत हामी विरोध गर्दछौं ।

सरकारले सरकारी संयन्त्रमा देखिएका बेथिति र अव्यवस्थालाई सुधार गर्दै विधिसम्मत बनाउँदै लैजानुपर्नेमा निषेध र नियन्त्रणको जुन कदम चालेको छ, त्यो लोकतान्त्रिक मूल्यमान्यताविपरीत छ । यसर्थ, सरकारी विज्ञापन सरकारी र सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्रै प्रकाशन र प्रशारण गर्ने निर्णय तत्काल फिर्ता लिई विज्ञापन बजारलाई अझ मजबुत बनाउन, बेथितिहरु नियन्त्रण गर्नमा चासो दिनका लागि माग गर्दछौं ।'

## नापी कार्यालय भैरहवाबाट दुई बिचौलिया पक्राउ

भैरहवा । नापी कार्यालय भैरहवाको परिसरबाट प्रहरीले सेवाग्राहीसँग रकम असुल्ने दुई जना बिचौलियालाई पक्राउ गरेको छ । सेवाग्राहीको काम छिटो गराइदिने बहानामा अतिरिक्त शुल्क लिइरहेको अवस्थामा उनीहरूलाई प्रहरी टोलीले नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा रुपन्देहीको ओमसतिया गाउँपालिका-३ का ३२ वर्षीय शिवनारायण कुर्मी र रोहिणी गाउँपालिका-३ का ३० वर्षीय सुरेन्द्र मल्लाह रहेका छन् । उनीहरूले नापी कार्यालयमा आउने सर्वसाधारणलाई विभिन्न प्रलोभन देखाई गैरकानुनी रूपमा रकम असुल गर्ने गरेको प्रहरीको दाबी छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दका अनुसार पक्राउ परेका दुवै जनामाथि बिचौलिया गतिविधिमा संलग्न भएको आरोपमा थप अनुसन्धान भइरहेको छ ।

सरकारी कार्यालयहरूमा बिचौलियाको हस्तक्षेप बढ्दै गएपछि प्रहरीले पछिल्लो समय सक्रियता बढाएको छ ।

## सभामुखमारास्वपाका डीपी अर्याल निर्विरोध

बुटवल । सभामुखमा सांसद डीपी अर्याल निर्विरोध भएका छन् ।सभामुख पदका लागि अर्यालको एकल उम्मेदवारी परेको हो ।

प्रतिनिधिसभा नियमावलीको नियम ७ मा सभामुखको निर्वाचनसम्बन्धी व्यवस्था छ । जसअनुसार सभामुखमा एक जनाको मात्रै मनोनयन दर्ता भए प्रतिनिधिसभामा समर्थक सदस्यले बोलिसकेपछि अध्यक्षता गर्ने व्यक्तिले प्रस्तावित सदस्य सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछन् ।

यस्तो घोषणा अब बस्ने प्रतिनिधिसभाको बैठकमा हुनेछ । प्रतिनिधिसभाको बैठक आगामी आइतबार बस्दैछ ।

प्रतिनिधिसभामा रास्वपा दुई तिहाइ नतिजक छ । सत्तापक्षको स्पष्ट बहुमत भएकाले प्रतिपक्षी दलहरूले सभामुख पदमा उम्मेदवारी दिएनन् । २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाको मात्रै १८२ सांसद छन् । नेपाली कांग्रेस ३८, नेकपा एमाले २५, नेपाली कम्युनिस्ट पार्टी १७, श्रम संस्कृति पार्टी ७, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ५ सांसद् छन् ।

सभामुख चयन भएसँगै उपसभामुखको निर्वाचन प्रक्रिया अगाडि बढ्नेछ । उपसभामुखको निर्वाचन सभामुखले तोकेको दिन र समयमा हुने व्यवस्था छ ।संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार सभामुख र उपसभामुखमा फरक दल र फरक लिंगको व्यक्ति हुनुपर्ने प्रावधान छ ।

नेताहरूका अनुसार उपसभामुखबारे छलफल भएको छैन । प्रतिनिधिसभामा रास्वपासहित ६ दल छन् । निर्वाचित भइसकेपछि आफ्नो कार्यभार सम्हाल्नुअघि सभामुखले राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्ने हुन्छ ।

सभामुख र उपसभामुख दुवै संवैधानिक परिषद्को सदस्य हुन्छन् । यसकारणले समेत उपसभामुखमा कुन दलबाट प्रतिनिधित्व हुन्छ भन्ने विषयलाई चासोका साथ हेर्ने गरिन्छ ।

### हस्पिटालिटीमा नौलो आयाम :

# चिल्हियामा एक अर्ब लगानीमा टाइगर फरेस्ट रिसोर्ट

**लुम्बिनी प्रदेशमै पहिलो बियर गार्डेनसहितको रिसोर्टका कटेज भिल्ला, रेष्टुरेण्ट र बार सहित अधिकांश संरचना सल्लाको काठबाट बनेका छन् । जसले होटेललाई पर्यावरणमैत्री र कंक्रिटमुक्त संरचनाको सन्देश दिएको छ ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

रुपन्देहीको तिलोत्तमा १३ चिल्हियामा लुम्बिनी प्रदेशकै पहिलो बियर गार्डेन सहितको टाइगर फरेस्ट रिसोर्ट सञ्चालनको अन्तिम तयारीमा पुगेको छ ।

बाह्रसिंगे ब्राण्डको बियर उद्योगका सञ्चालक तिलोत्तमाका उद्यमी मिनराज भुसालले यस क्षेत्रमै नौलो र मौलिक पहिचान दिने गरी ५ बिघा क्षेत्रफलमा बियर गार्डेनसहितको रिसोर्टबनाउन लागेका हुन् ।

शाइन रेसुंगा डेभलपमेन्ट बैंकको कर्जा लगाानीमा रिसोर्ट बनेको हो ।

हाल एक अर्ब बढी लगानी भएको गरेको रिसोर्टको नयां विशेषताहरियाली जंगलको छेउ, रुमहरु पूर्णतः सल्लाको काठबाट बनेका (उडन भिल्ला) र बोतलमा सिलबन्दी नभएको आफ्नै उद्योगको फ्रेस (ड्राफ्ट) बियर उपलब्ध हुनु हो ।

पाँचतारे होटेल टाइगर प्यालेस रिसोर्टसँगै जोडिएर दक्षिणतर्फ बन्दै गरेको रिसोर्टमा पहिलो चरणमा बियर गार्डेन, २० वटा उडन भिल्ला, ५० जना क्षमताको हल, चौतारी बार, डान्स क्लब र स्पा सञ्चालनमा आइसकेका सञ्चालक भुसालले बताए ।

उडन भिल्लाको डिजाइन अष्ट्रियन इञ्जिनियरले गरेका हुन् । यस्ता उडन भिल्ला र ड्राफ्ट बियर गार्डेन त्रिशुली किनार कुरिनटारमा बाह्रसिंगे बियर उद्योग बाहिर मात्रै रहेको भुसालले बताए ।

करिब दुई सय जना क्षमताको चाइनिज रेष्टुरेन्ट र एक हजार जना क्षमताको ब्याङ्क्वेट हल निर्माणको अन्तिम चरणमा रहेकाले नयां वर्षमा उद्घाटन गर्ने गरी काम भइरहेको सञ्चालक भुसालले बताए ।

निकट भविष्यमा थप ४० वटा रुम, स्वीमिङ पूल र मिनी क्यासिनो निर्माण गरी चारतारे होटेलको स्वीकृति लिने गरी तयारी भइरहेको उनले जानकारी दिए ।

'आन्तरिक र भारतीय पर्यटकलाई फरक विशेषता सहितको नौलो हस्पिटालिटी सेवा दिने उद्देश्यले रिसोर्ट व्यवसायमा लगानी गरेको हो,' भुसालले भने-'खुला आकाशमुनि हरियाली वातावरणमा बसेर ताजा बियरको अनुभव लिन पाउने सुविधा यस क्षेत्रमै नयाँ अनुभवका रूपमा प्रस्तुत गरेका छौं ।' आउँदो नयाँ वर्षको अवसर पारेर रिसोर्टको औपचारिक उद्घाटनको तयारीमा रहेको सञ्चालक भुसालले बताए ।

बुद्धजन्मस्थल लुम्बिनी आउने पर्यटक पनि रिसोर्टका लक्षित पाहुना भएको उनले खुलाए ।

मुलुकमा राजनीतिक स्थिरता र व्यवसायिक वातावरण बन्यो भने भविष्यमा थप १५० करोड रुपैयाँ लगानी गरी पाँच तारे होटलमा स्तरोन्नति गर्दै भारतीय पर्यटक लक्षित सेवा सुविधा थप्दै जाने योजना रहेको भुसालले बताए ।

'शहरभन्दा टाढा, शान्त र हरियाली वातावरणमा बन्दै गरेको रिसोर्टले प्रदेशको पर्यटन क्षेत्रमा फरक पहिचान बनाउने विश्वास छ,' भुसालले भने- 'प्राकृतिक परिवेश, खुला स्थान र मौलिक संरचनाको शैलीले रिसोर्टलाई अन्य परम्परागत होटलभन्दा अलग बनाएको छ ।'

रिसोर्टमा हाल करिब ७० जना स्थानीयलाई प्रत्यक्ष रोजगारी दिएको जनरल म्यानेजर क्षितिज खनालले बताए । होटलले पूर्ण सञ्चालनपछि थप सय जना बढीले रोजगारी पाउने उनले बताए । आन्तरिक तथा लुम्बिनी आउने विदेशी र भारतीय पर्यटकका लागि फरक अनुभव दिने लक्ष्यसहित अघि बढेको यो परियोजना तिलोत्तमाको मात्र नभई प्रदेशकै नमूना पर्यटन गन्तव्य बन्ने अपेक्षा गरिएको नगरप्रमुख रामकृष्ण खाँणले बताए ।

## व्यवसायीमैत्री कानुन बनाउन ट्रक व्यवसायीको माग




बुटवल । व्यवसायीमैत्री कानुन बनाउन ट्रक व्यवसायीले सरकारसंग माग गरेका छन् । तीनै तहका सरकारका फरक फरक कुनन भएकाले यातायात व्यवसायी समस्यामा परेको उनीहरुको गुनासो छ । पश्चिमाञ्चल यातायात व्यवसायी समितिको शनिबार आयोजित २५औं वार्षिक साधारणसभा तथा १४औं अधिवेशनमा बोल्दै उनीहरुले राज्यलाई ठूलो कर तिर्दै आएका व्यवसायी समस्यामा पर्दा पनि सरकारले न्याय दिन नसकेको गुनासो गरे । पेट्रोलियम पदार्थमा अत्याधिक मूल्यवृद्धि भएको अवस्थामा पनि तोकिएको भाडा सहज रुपमा नपाउँदा व्यवसायबाट विस्थापित हुनुपर्ने अवस्था आएको व्यवसायीको गुनासो थियो ।

व्यवसायीहरुले सार्वजनिक यातायातलाई व्यवस्थित गर्न र भारतीय गाडीहरुको निर्वाध आगमनलाई नियन्त्रण गर्न सरकारसँग माग गरेका छन् ।

उक्त कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले यातायात क्षेत्रमा अझैं पनि थुप्रै समस्या रहेको बताउँदै स्थानीय सरकारको तर्फबाट समस्या समाधानका लागि सामूहिक छलफल गरेर अघि बढ्न आफू तयार बताए ।

यातायात व्यवसायलाई मर्यादित र व्यवस्थित गर्नुपर्ने बताउँदै नगर प्रमुख पाण्डेले बुटवल उप-महानगरपालिकाले आफ्नो सम्पति धितो राखेर भए पनि यातायात व्यवसायीको हितका लागि ३ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउने आश्वासन दिए ।

नेपाल ट्रक यातायात व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष राजेन्द्र बानियाले तीनै तहका सरकारका फरक-फरक कानुनले यातायात व्यवसायी समस्यामा परेको बताए । अध्यक्ष बानियाले व्यवसायमैत्री कानुन बनाउन सरकारलाई आग्रह गरे । तेलको मुल्य वृद्दि हुंदापनि ट्रक व्यवसायीले भाडादर वृद्धि नगरेको बताउँदै बैज्ञानिक भाडादर कायम गर्नुको विकल्प नभएको उनले बताए । नेपाल ट्रक यातायात व्यवसायी महासंघका पूर्व अध्यक्ष अर्जुन रानाभाटले संकटको अवस्थामा रहेको यातायात व्यवसायलाई जोगाउन भारतीय ट्रकहरुको निर्वाध आगमन र अत्याधिक भारवहनका कारण पेशा संकटमा परेको बताए ।

पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवलका अध्यक्ष टिकाराम गौतमले अत्यधिक भारवहनसहित बिना अवरोध नेपालका सबै ठाउँमा पुगिरहेका भारतीय गाडीका कारण नेपाली व्यवसायी संकटमा परेको बताए । उनले ट्रक व्यवसायीहरु बैंक र सहकारीबाट लिएको ऋण तिर्न नसकी लिलाम हुने अवस्था पुगेको बताउंदै कतिपय चालक र व्यवसायीहरु पलायन हुँदै गएको बताए ।

कार्यक्रममा गण्डकी यातायात व्यवसायी समितिका अध्यक्ष सुरेन्द्र त्रिपाठी, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष टंकप्रसाद गैरे, नेपाल पत्रकार महासंघ रुपन्देही अध्यक्ष दिनेश पाण्डे, सुरक्षित यात्रा नेपालका अध्यक्ष कृष्णप्रसाद बेल्वासे, समितिका उपाध्यक्ष उज्वल केसीलगायतले बोलेका थिए । समितिका कार्यालय प्रमुख प्रकाश गैरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

अधिवेशनबाट सर्वसम्बत रुपमा नेतृतव चयन हुन नसकेपछि शनिबार निर्वाचन हुने निर्वाचन आयुक्त महेन्द्र पाण्डे जानकारी गराएका छन् । निर्वाचन समितिका आयुक्त यमलाल भुसालका अनुसार समितिमा ५ जना जिल्ला उपाध्यक्षहरु निर्विरोध निर्वाचित भएका छन् ।

रुपन्देही उपाध्यक्ष बसन्ती आले र राजकुमार लामा, नवलपरासी उपाध्यक्ष कृष्णबहादुर कंडेल, कपिलवस्तु र अर्घाखांची उपाध्यक्ष उज्वल केसी, नवलपुर उपाध्यक्ष पर्शुराम भण्डारी निर्विरोध निर्वाचित भएका छन् । अध्यक्ष पदमा समितिका पूर्व वरिष्ठ उपाध्यक्ष प्रतापबहादुर कार्की, पूर्व सचिव पंकज राई र यामबहादुर जीसीले उम्मेदवारी दर्ता गराएका छन् ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ चैत २१ गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

"घरबाट काममा जानु र
कामबाट सधैं घर फर्कनु ।
सबैभन्दा खतरनाक हुन्छ
हाम्रा सपनाहरुको मृत्यु हुनु ।"

– अवतार सिंह पाश
(भारतीय कवि)

## विश्व

# इरान र संरा अमेरिकी अर्थतन्त्र –१

**माइकल रोबर्ट्स**

*अनुवादः वर्षा पाण्डे*

(माइकल रोबर्ट्स चर्चित बेलायती अर्थशास्त्री हुन् । उनले विश्व पूँजीवादको कार्यशैलीलाई मसिनो अध्ययन गरेका छन्। उनी श्रम आन्दोलनको क्षेत्रका चर्चित राजनीतिक अभियन्ता पनि हुन् । सन् २००९ मा प्रकाशित तत्कालिन आर्थिक सङ्कटबारे उनको पुस्तक 'द ग्रेट रिसेसन-अ मार्क्सिट भ्यू' (ठूलो आर्थिक मन्दी–मार्क्सवादी दृष्टिकोण) उनको निकै चर्चित पुस्तक हो । 'द लङ डिप्रेसन' (लामो आर्थिक मन्दी) र 'मार्क्स २००ः अ रिभ्यु अफ मार्क्स इकोनोमिक्स' (मार्क्स २००ः मार्क्सको अथशास्त्रको समीक्षा) उनका अन्य चर्चित पुस्तक हुन् । वर्तमान संरा अमेरिकी/इजरायली– इरान युद्धलाई बुझ्ने प्रयत्नका लागि रोबर्ट्सले यही मार्च १९ गते प्रकाशन गरेको यो लेख रोबर्ट्सको ब्लगबाट साभार गरी नेपाली अनुवाद पाहुरका पाठकहरुको लागि प्रकाशित गरिएको छ । यो लेखको अनुवादन वर्षा पाण्डे कानुनमा स्नातक गरिरहनुभएका विद्यार्थी हुनुहुन्छ ।)

इरान युद्ध चर्कंदै छ । वेनेजुयलामा जस्तै इरानी नेताहरुको हत्या गरी इरानलाई आत्मसमर्पण गर्न बाध्य पार्ने रणनीति असफल भएपछि राष्ट्रपति ट्रम्पले संरा अमेरिकालाई लामो युद्धमा धकेलेका छन् । हालसम्म आफ्ना सल्लाहकारहरुको उक्साहटमा र इजराइयलद्वारा इरान र लेबनानमाथि गरिएको अनियन्त्रित आक्रमणको दबाब परेर ट्रम्पले तनाव बढाउने बाटो नै रोजेका छन् । दुवै पक्षहरुले तथाकथित 'ग्यास उत्पादनका सम्पूर्ण संरचना'हरुमाथिको आक्रमण उल्लेखनीय आक्रमण बढाएका छन् जसको दीर्घकालीन असर पार्नेछ । पछिल्ला आक्रमणहरु तेल र ग्याससँग सम्बन्धित क्षेत्रहरुमा मात्र भएको होइन । बरु जीवाश्म इन्धन केन्द्रहरुमाथि भएका अहिलेसम्मका नयाँ आक्रमण हो ।

संरा अमेरिका र इजरायले आक्रमण गरेलगत्तै मेरो पहिलो पोष्टमा भनेको थिए, "तेलको मूल्य प्रति ब्यारेल १०० डलर वा त्यो भन्दा बढी पुग्न दुईवटा काम हुनुपर्छ । एक, संसारको पाँच भागको एक भाग तेल ओसारपसार हुने हर्मुज जलमार्गमा उल्लेखनीय अवरोध हुनुपर्छ । यसले त्यो क्षेत्रको सम्पूर्ण यातायातलाई अवरोध सिर्जना गर्छ। दोस्रो, तेल उत्पादनका क्षेत्रहरुमा मिसाइल र ड्रोन आक्रमण हुनुपर्छ। यदि यी दुई कामहरु एकैपटक भए भने प्रति ब्यारेल तेलको मूल्य तीनगुणा बढ्नेछ।"

अहिले कच्चा तेलको मूल्य प्रतिब्यारेल ११६ पुगिसकेको छ (यो दरमा घटबढ भइरहेको छ)। युरोपमा प्राकृतिक ग्यासको मूल्य प्रति एकाई घण्टा मेगावाट ६८ युरो डलरसम्म पुग्यो (प्राकृतिक ग्यासको मापन एक घण्टासम्म एकहजार किलोवाट शक्ति उत्पादन गर्न लाग्ने ग्यासको मात्रालाई लिइन्छ । अंग्रेजीमा एमडब्लुएच भनिने यसलाई यहाँ प्रति एकाई घण्टा मेगावाट प्रयोग




गरिएको छ)। यो पछिल्लो तीनवर्षको सबैभन्दा उच्च मूल्य हो ।

अन्तर्राष्ट्रिय उर्जा ऐजेन्सी (आईईए)ले मध्य पूर्वमा भएको युद्धले 'विश्वव्यापी तेल बजारको इतिहासमा पहिलोपटक सबैभन्दा ठूलो आपूर्ति अवरोध भएको' जनाएको छ । आईईएको अनुसार, "हर्मुजको जलडमरुबाट कच्चा पदार्थ र तेल उत्पादनको प्रवाह युद्ध अघि लगभग प्रतिदिन २० बिलियन ब्यारेल हुने गरेकोमा, हर्मुज जलमार्गमा उत्पन्न कठिनाईका कारण, खाडी देशहरुले प्रतिदिन १० बिलियन ब्यारेलमा घटाएका छन् । जलमार्गको कठिनाई




तुरुन्त समाधान नगरेको अवस्थामा यो आपूर्ति भनै घट्ने निश्चित छ।"

मध्यपूर्वमा उत्पादन कटौती भए पनि गैर-ओपेक देशहरु जस्तै कजाकस्तान र रुसबाट बढेको उत्पादनले त्यसको केही हदसम्म पूर्ति गरेको छ । उर्जा आयातमा आएको कमी र उच्च मूल्य वृद्धिले केही देशहरुमा अरु देशहरुलाई भन्दा बढी असर गर्छ । विशेष गरी एसियाले सबैभन्दा बढी प्रभावित हुन्छ, त्यसपछि युरोपमा असर पर्छ । तथापी उर्जा क्षेत्रमा भने अमेरिकी अर्थतन्त्र तुलनात्मक रुपमा कम प्रभावित देखिन्छ।

वास्तवमा, यो युद्धले अमेरिकी अर्थतन्त्रको एक हिस्सा भने फाइदामा रहेको छ । यदि युद्ध शुरु पछि बढेको कच्चा तेलको मूल्य हालको स्तरमै कायम रहिरह्यो भने यस वर्ष उनीहरुले ६० अर्ब डरलभन्दा बढी नाफा प्राप्त गर्ने सम्भावना छ । यो निकै अप्रत्याशित नाफा हो । लगानी बैंक जेफरिजको एक अनुमान अनुसार युद्ध यता तेलको मूल्यमा लगभग ४७ प्रतिशत मूल्य वृद्धि भएका कारण अमेरिकी उत्पादकहरुले यो महिनामात्रै ५ बिलियन डलर अतिरिक्त लगानी जुटाउनेछन् । यसैबीच वेनेजुयलाले संरा अमेरिकी नियन्त्रणको प्रतिरोध गर्न नसकिरहेको कारण संरा अमेरिकी उर्जा कम्पनहरुले आफ्नो उत्पादन बढाइरहेका छन् र वेनेजुयलाको तेल उच्च मूल्यमा निर्यातबाट आम्दानी वृद्धि गर्न सक्षम भइरहेका छन् ।

तर, संरा अमेरिकी अर्थतन्त्रको बाँकी क्षेत्रमा भने, उर्जा मूल्यमा आएको तीव्र वृद्धिले (चाहे पेट्रोल पम्पमा होस् वा घर तताउने वा उद्योगमा) मूल्यस्तरमा प्रभाव पार्न थालिसकेको छ। हुनत युद्ध शुरु हुन अगावै संरा अमेरिकी उत्पादक मूल्यहरु (उत्पादकहरुले थोक बिक्रेता र खुद्रा बिक्रेतार्ला बेच्ने मूल्य)मा वृद्धि भइसकेको थियो ।

उत्पादक मूल्य सूचकांक (पीपीआइ) फेब्रुअरीमा ०.७ प्रतिशले बढ्यो । त्यमध्ये इन्धन र इन्धन सम्बन्धित उत्पादनहरुको मूल्य १.१ प्रतिशतले वृद्धि भयो । त्यसको अर्थ उत्पादक मूल्य सूचकांकको मुद्रास्फिति पछिल्लो वर्षको फेब्रुअरी भन्दा ३.४ प्रतिशले वृद्धि भयो । संरा अमेरिकामा मुद्रास्फिति संघीय बैंक (फेड्रल रिर्जब)ले लक्ष्य तोकेको २ प्रतिशतभन्दा निकै माथि गइरहेको थियो ।

आर्थिक वृद्धिको सन्दर्भमा, सन् २०२५ को चौथो त्रैमासिकमा अमेरिकी वास्तविक कूल ग्राहस्थ उत्पादन वृद्धिको दोस्रो अनुमान अघिल्लो त्रैमासिकको ०.७ प्रतिशत घटाएर संशोधन गरियो । यो प्रारम्भिक अनुमानको १.४ प्रतिशत भन्दा निकै कम हो । नयाँ अनुमानले कुल ग्राहस्थ उत्पादनको सबै क्षेत्रहरु– निर्यात, उपभोक्ता खर्च, सरकारी खर्च र लगानीमा गिरावट देखाएको छ ।

सन् २०२५ का लागि अमेरिकी वास्तविक कुल ग्राहस्थ उत्पादक वृद्धि २ प्रतिशतमा सीमति हुने अनुमान गरिएको छ जुन सन् २०२४ मा २.४ प्रतिशत, २०२३ मा ३.४ प्रतिशत भन्दा कम हो । साथै, सन् २०२५ मा प्रतिव्यक्ति




वास्तविक आम्दानी १.१ प्रतिशतले मात्र वृद्धि भयो र त्यो पनि वर्षको अन्तिम त्रैमासिकमा घटेको देखिन्छ ।

राष्ट्रिय उत्पादनमा सुस्त वृद्धिसँगै रोजगारी वृद्धिमा पनि गिरावट आएको छ । जनवरीमा संरा अमेरिकी अर्थतन्त्रले ९२ हजार रोजगारी गुमाएको छ । व्यावसायिक र सेवा क्षेत्रका रोजगारीका अवसरहरु प्रति १०० कर्मचारीमा केवल ४ मा झरेका छन् । यो सन् २०२० को महामारीकालीन मन्दीपछि सबैभन्दा न्यून स्तर हो । अर्कोतर्फ, सन् २०२२ मा सेतो-कलर रोजगारीको उच्चतम विन्दुदेखि झण्डै ६० प्रति घटेको हो । (ह्वाइट कलर जब्स्- सेतो कलर रोजगारी भन्नाले उच्च शिक्षामा आधारित मानिसक श्रमसँग सम्बन्धित प्रशासनिक वा उच्च क्षेत्रका जागिरहरुलाई चिनिन्छ ।) जब सेतो-कलर रोजगारीको क्षेत्रमा नयाँ मान्छेको नियुक्ति सुस्त हुन्छ अन्य रोजगारी क्षेत्र पनि यसलाई पछ्याउँछ ।

इरानसँगको युद्धले एकातिर आर्थिक र रोजगारी वृद्धि सुस्त हुँदै जान्छ र अर्कोतर्फ मुद्रास्फिति बढाउँदै जान्छ । अर्कोशब्दमा भन्नुपर्दा, स्ट्यागफ्लेसन संरा अमेरिकी अर्थतन्त्रको अहिलेको अवस्था हो । (स्ट्यागफ्लेसन भनेको अर्थतन्त्रमा उच्च मुद्रास्फिति, धीमा आर्थिक वृद्धि र उच्च बेरोजगारी एकैसाथ देखिने अवस्था हो ।)

डोनाल्ड ट्रम्पद्वारा एक समय "श्रम तथ्याङ्क विभाग- 'ब्युरो अफ लेबर स्टाटिस्टिक'का लागि चयन गरएका इ.जे. एन्टोनीका अनुसार, अमेरिकी अर्थतन्त्र प्रति ब्यारेल १०० डलभन्दा माथिको मूल्य सहने अवस्थामा छैन ।" फाइनान्सियल टाइम्ससँग कुरा गर्दै भने, "अर्थतन्त्र हामीले सोचेभन्दा कमजोर छ र मुद्रास्फिति हामीले सोचेभन्दा बढी छ ।" यसैबीच, जनवरीमा नयाँ घरको बिक्री १७.६ प्रतिशतले घट्यो जुन सन् २०१३ पछि सबैभन्दा ठूलो गिरावट हो ।

यो स्ट्यागफ्लेसनको अवस्थाले केन्द्रीय बैंकलाई निकै द्विविधामा पारेको छ । मुद्रास्फिति नियन्त्रण गर्नका लागि नीतिगत ब्याजदर बढाउने अथवा आर्थिक वृद्धि र रोजगारीलाई सहयोग गर्न दर घटाउने ? हिजो, केन्द्रीय बैंकको मौद्रिक नीति समितिले बहुमतको निर्णय अनुसार हाललाई केही परिवर्तन नगर्ने निर्णय गऱ्यो । केन्द्रीय बैंकले यस वर्षको मुद्रास्फितिको अनुमान बढाएको छ र २०२६ मा भए पनि केवल एकपटक मात्र ब्याजदर घट्ने सम्भावना रहेको सङ्केत गरेको छ । आज, संयुक्त अधिराज्यको बैंक अफ इंग्ल्याण्ड र युरोपेली केन्द्रीय बैंकले पनि आफ्ना नीतिगत ब्याजदर यथावत् राखेका छन् ।

(क्रमश...)

## विमर्श

# जीव विज्ञान नारी जातिको नियति होइन–३

**एभलिन रीड**

(प्रायः मानिसहरू महिला शारीरिक रूपमा पुरुषभन्दा कमजोर हुन्छन् भन्ने सोच्छन् । तर, यो सोच गलत छ । महिला र पुरुषमा शारीरिक फरकपन छ तर त्यसको अर्थ महिलाभन्दा पुरुष श्रेष्ठ छ भन्ने होइन । शारीरिक रूपमा महिला पुरुषभन्दा कमजोर छैनन् । महिला कमजोर छन् भन्ने चिन्तन मानवनिर्मित हो । जैविक हिसाबले महिला पुरुषभन्दा कमजोर होइनन् भन्ने तथ्य प्रसिद्ध अमेरिक मानवशास्त्री एभलिन रीडले यस लेखमा पुष्टि गरिदिनुभएको छ। रीडको यो प्रसिद्ध लेख 'इज बायोलोजी वुमिन्स् डेस्टिनी ? शीर्षकको अंग्रेजी लेखबाट नेपालीमा अनुवाद मुरारी अर्यालले गर्नुभएको थियो । जसको प्रकाशन पारिजातले वि.सं. २०४२ मा गर्नुभएको थियो । हाल बजारमा अप्राप्य रहेको यस लेखको पुनःप्रकाशन गरिएको छ । मुरारी अर्यालले गर्नुभएको अनुवादमा सामान्यक भाषिक सम्पादनमात्र गरिएको छ। अनुवादको क्रममा अर्यालले एप्स बाँदर शब्द प्रयोग गर्नुभएको छ । बुझाई सरल होस् भन्ने उद्देश्यले त्यसो गरिएको होला। तर यसको अर्थ आजको बाँदर होइन नरमानवको अर्थमा हो । लेखको पहिलो भाग फागुन ३० गते र दोस्रो भाग चैत १४ गतेको पाहुरमा प्रकाशित भइसकेको छ।)

**के नारी जाति सधैं उत्पीडित रहेको छ ?**

नारीमुक्ति आन्दोलनको जन्मपछि कतिपय महिला लेखिका तथा मानवशास्त्रीहरू गैरवैज्ञानिक मान्यताबाट यतिविघ्न प्रभावित भएका छन् कि उनीहरूभित्र निराशावादीनिष्कर्ष समेत जन्मिएको छ । उनीहरूको भनाइमा नारीजाति पितृसत्तात्मक समाजमा मात्र होइन, सम्पूर्ण मानवइतिहासभरि नै उत्पीडित रहेको छ । यस भनाइअनुसार आदिम समुदायका स्वास्नीमानिसहरू पितृसत्तात्मक समाजमा जस्तो लोग्ने तथा बावुको आधिपत्यमा रहेका त थिएनन् तर उनीहरूमाथि दाजुभाइ या मामाहरूको आधिपत्य चल्दथ्यो । यस विचारलाई नारीउत्पीडनको 'मावलीसिद्धान्त' मान्न सकिन्छ । यस भनाइको पछाडि कुनै सत्यता छ ?

आजसम्म पनि संसारका विभिन्न भागहरूमा छरिएर रहेका आदिम समुदायहरू फेला पर्दछन् र यिनीहरूमध्ये कैयौंमा केही हदसम्म पुरानो मातृसत्तात्मक व्यवहार तथा प्रचलन बाँकी नै छ । आमाको तर्फबाट नाता सम्बन्ध तथा पूर्वजहरूको हिसाब गरिने हुँदा यस्तो समुदायलाई मातृवादी समुदाय भनिन्छ । तर तथ्यको जरो निकै गहिरो छ । यस्ता क्षेत्रमा पितृ परिवार ज्यादै कम विकसित छन् । यहाँ पुरुषलाई आफ्नो बाबुको रूपमा नचिनेर आमाको लोग्नेको रूपमा चिनिन्छ । यदि बच्चाको बाबुको रूपमा चिनिन्छ भने पनि बच्चा र बाबुबीचको सम्बन्ध ज्यादै नै कमजोर हुन्छ । यस्तो अवस्थामा बच्चाको सम्बन्ध आमा र उनका नातेदारसँग बढी गाँसिएको हुन्छ ।

यसको मतलब बच्चाको सम्बन्ध आमासँग मात्र होइन, यस्ता मातृवादी संगठनका दाजुभाइसँग पनि बढी रहन्छ । अर्को शब्दमा, आमाका दाजुभाइ (मामाहरू)ले यस्ता समाजमा दिदीबहिनीको सन्तानका लागि पितृसत्तात्मक समाजको बाबुको भूमिका निवाउने गर्दछन् । यसैकारण यस्तो समुदायलाई "मामावादी" पनि भनिन्छ । "प्याट्री आर्क" शब्दले बाबुलाई बुझाएजस्तै "अवनक्यूलेट" शब्दले आमाको दाजुभाइ (मामा)लाई बुझाउँछ ।

मातृसत्तात्मक इतिहासबाट बचेर आएका भए पनि यस्ता मातृवादी समाजमा पितृवादी समाजको प्रादुर्भावले ठूलो प्रभाव पारेको छ, तर जे भए पनि पुरानो सामाजिक व्यवस्थामा रहेको प्राथमिकता यिनीहरूबाट प्रष्ट हुन्छ । वास्तवमा, गत शताब्दीमा मानवशास्त्रको प्रादुर्भाव हुँदा धेरैजसो आदिम समुदायको संरचनामा निकै फेरबदल भैसकेको थियो । पहिला केवल वंशको आमा र भाइ (दिदी भाइ) को मात्र अस्तित्व रहने समुदायमा समेत भाले पोथी परिवार या मोर्गनको शब्दमा जोडी परिवारले आफ्नो उपस्थिति प्रष्ट रूपमा देखाउन थालिसकेको थियो ।

तर यस्तो भाले पोथी परिवार र सामूहिक मातृवादी समुदायभित्र पर्दथ्यो र वर्ग-समाजमा उत्पन्न भएको पितृवादी परिवारभन्दा बिलकुलै भिन्न थियो ।

यसबेला लोग्नेमानिसलाई स्वास्नीको पोइको रूपमा परिवारदेखि बाहिरको मानिस जसरी समुदायभित्र प्रवेश गराइन्थ्यो । पुरुषहरू यतिबेला स्वास्नी तथा बालबच्चाको आवश्यकता पूर्ति गर्ने क्रियामा संलग्न भए तापनि अक्सर स्वास्नी तथा सालाजेठानका आज्ञाकारी हुन्थे । दाजुभाइ नै दिदीबहिनीका मूल आर्थिक सहयोगी तथा तिनका वालवच्चाका संरक्षक बनेका हुन्थे ।

ऐतिहासिक कार्यविधिलाई अस्वीकार गर्ने व्यावहारिक मानवशास्त्रीहरू यस्ता आदिम समुदायको अध्ययनको सिलसिलामा अन्त्यहीन विवादभित्र फँस्दछन् । उदाहरणका लागि, दोब्रीयाण्ड द्वीप समूहका बासिन्दाको अध्ययन पछि उनीहरूको रहन, सहन र मातृअधिकारको सिद्धान्तलाई मालिनोस्कीले यसरी व्याख्या गर्नुभएको छ- "दोब्रीयाण्डमा यस्तो मातृवादी संस्थाको उपस्थिति भेटिन्छ जसमा उद्भव स्रोत, नातागोता र प्रत्येक सामाजिक सम्बन्ध समेत कानूनी रूपमा आमाबाट मात्रै निर्धारित हुन्छ । यहाँको कविलाजीवनमा आर्थिक, समारोहात्मक तथा जादूगरी क्रियाकलापहरूमा नेतृत्वदायी भूमिका लगायत आमाहरूको ठूलो अधिकार रहेको भेटिन्छ" (असभ्यहरूको यौनजीवन (हार्कट, ब्रेस एण्ड वर्ल्ड) पृष्ठ ३) ।

तर यो जातिमा विवाहको संस्थागत विकास राम्रोसँग भएको हुन्छ अर्थात् पारिवारिक रूपमा भालेपोथीपनको विकास भएको हुन्छ भन्दै मालिनोस्की बाबुको खोजी गर्ने कष्ट उठाउनु हुन्छ। तर यस्तो समुदायमा आमाको लोग्नेको बाबुको रूपमा विकास भएको हुँदैन ।

यी मानिसहरू आमाको लोग्नेलाई आफ्नो भाषामा तामा (त्कब) भन्दछन् र मालिनोस्कीले बाबु भने तापनि "तामा" आफ्नो आमाको लोग्ने मात्र हो ।

कहिलेकाहीं त त्यत्तिसम्म पनि भनिँदैन; "तामाको बा" अर्थात् अपरिचित, अझ मालिनोस्कीकै शब्दमा "ठेट परदेशी" भन्ने गरिन्छ (उही पुस्तक पृष्ठ ५-६) । अर्को शब्दमा भनौं, "आमाको लोग्नेको रूपमा मान्यता पाएको समुदायभन्दा बाहिरको मानिस बाबुको भूमिकाभन्दा निकै पर रहेको हुन्छ ।"

तर आफ्ना दिदीबहिनीको सन्तान, खासगरी पुरुष सन्तानको निम्ति बाबुको यस्तो पुरुषका बारेमा भूमिका निर्वाह गर्ने पुरुषको भने त्यहाँ अनिवार्य उपस्थिति हुन्छ । मालिनोस्की लेख्नुहुन्छः

» *बाँकी ३ पेजमा*

## कविता

### प्रतिबन्ध

**कृष्ण सेन 'इच्छुक'**

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ- गाउन त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौँ

हाम्रा विचारमा प्रतिबन्ध लाउँदै
हाम्रा हातहरूमा हत्कडी पहिऱ्याउँदै
तिमी भन्छौ- लेख्न त लेख
तर यो गीत नलेख
हामी भने त्यही गीत लेखिरहन्छौँ

हाम्रा आस्थाहरूमा प्रतिबन्ध लाउँदै
हाम्रा खुट्टाहरूमा नेल भिराउँदै
तिमी भन्छौ- हिँड्न त हिँड
तर यो बाटो नहिँड
हामी भने त्यही बाटो हिँडिरहन्छौँ ।

ओ शासक, प्रशासकहरू !
अस्वीकार्य छ हामीलाई
तिम्रा निरंकुश आदेशहरू
तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर
तिमी जतिसुकै जुलुम र उत्पीडनहरू सुरु गर
सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ
र, सत्यलाई कैद गर
तर, ओ तानाशाहहरू !
तिम्रा बर्बर स्वेच्छाचारका विरुद्ध
हामी भने निरन्तर आवाज उठाइरहन्छौँ ।

उठाइरहन्छौँ हामी तिम्रा विरुद्ध संघर्षका हातहरू
कसिरहन्छौँ हामी तिम्रा विरुद्ध विद्रोहका मुठीहरू
ओ, अत्याचारका पहरेदारहरू !
अन्तिम जीत हाम्रै हो
तिम्रो हारमाथि विजयको झन्डा गाड्दै
हामी भने अथक र अविचल
अन्तिम युद्ध लडिरहन्छौँ ।

इतिहासको यस घडीमा
यसबेला केही निस्तेज शिरहरू झुकेर
सभक्ति अभिषेक चढाइरहेछन्
म तिम्रो ठाडो शिरलाई
झन् ठाडो देख्न चाहिरहेछु

यसबेला केही दुर्बल मुठीहरू फुकेर
विनीत भावले जुम्लेहात जोडिरहेछन्
म तिम्रो बज्र मुठीलाई
झन् सबल देख्न चाहिरहेछु

यसबेला केही थकित पाइलाहरू गलेर
माझ बिसौनीमै बास मागिरहेछन्
म तिम्रा जब्बर पाइलाहरूलाई
झन् अग्रसर देख्न चाहिरहेछु

यसबेला केही कर्णकटु स्वरहरू काँपेर
प्रशस्ति वाचन गरिरहेछन्
म तिम्रो प्रखर वाणीमा
युगको हुंकार सुन्न चाहिरहेछु

व्यथित देशको चिन्ताले
आहत जनताको पीडा र सुस्केराले
हरदम अभिभूत तिमी
ए मेरो युगको तरुण नायक !
यसबेला मैले कविता लेखूँ-नलेखूँ केही फरक पर्दैन
तर तिम्रो आँधी-बेहरीमय महायात्रा भने रोकिनु हुन्न
इतिहासको यस संक्रमणशील घडीमा
भोको पेटमा ऊर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पुछेर
दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ, भद्र पुरुष
तिमी भने झुक्किनु हुन्न
कहाँ फुलेको छ र डाँडाको फेदीमा रातै लालीगुराँस
तिमी भने यो फेदीमै अलमलिनु हुन्न ।

# थारू समुदायको रैथाने खानालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा बजारीकरण गरिने





दाङ । कृष्णबहादुर घर्तीले रैथाने थारू खानाको संरक्षण तथा प्रवर्द्धन आवश्यक रहेको बताएका छन् । थारू महिलाले बनाउने रैथाने थारू खानाको अब राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा बजारीकरण गरिने भएको छ ।

थारू परम्परागत खानाको व्यावसायिक संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले यहाँका थारू महिलाले रैथाने थारू खानाको राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा बजारीकरण गरिने भएको हो ।

दाङ घोराही उपमहानगरपालिका-१६ सौरीका हस्तिकुमारी चौधरीले थारू समुदायका परिकार स्वाद र विविधताका हिसाबले समृद्ध भएकाले अन्य समुदायले पनि यसको स्वाद लिनु लाभदायक हुने बताउँदै थारू रैथाने खानालाई आयआर्जनसँग जोड्दै पर्यटन प्रवर्द्धनमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकिन्छ बताइन् । "रैथाने थारू खानाको परिकार बनाउन बिर्सिन लागेको थिएँ", उनले भनिन्-"अहिले थारू खानालाई व्यापक रूपमा विस्तार गर्दै व्यावसायिक विकास गर्न लागिपरेकी छु ।" उनले पहिलेपहिले दाङका थारूले खाने दगौरा खाना बनाउने गर्थे भन्दै अहिले भने दाङको मात्र नभई कैलाली, कञ्चनपुर, बाँके, बर्दिया र दाङ-देउखुरी क्षेत्रका थारूले खाने रैथाने खाना बनाएर यसबाट आर्थिक स्तर वृद्धि गर्ने माध्यम बनाएको बताइन् ।

तुलसीपुर उपमहानगरपालिका-११ सुकौराका बिना चौधरीले पनि अहिले विभिन्न जिल्लाका थारू समुदायले खाने खानाको रैथाने परिकार बनाउन थाल्नुभएको उल्लेख गर्दै आफूले थारूको परम्परागत खानालाई व्यावसायिक रूपमा होटल गरेर आम्दानी गर्ने जनाइन् । यस क्षेत्रका केही थारू महिलाले व्यावसायिक तालिम लिएर भए पनि रैथाने थारू खानाको संरक्षण तथा प्रवर्द्धन गर्दै यसलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा बजारीकरण गर्न समेत जोड दिँदै आएका छन् ।

थारू समुदायका खानाका परिकार स्वाद र विविधताका हिसाबले समृद्ध भएकाले अन्य समुदायले पनि यसको स्वाद लिनु लाभदायक हुन्छ । तर, पछिल्लो समय थारू खाना पनि लोप हुँदै जान थालेकाले यसलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि थारू समुदायका महिलालाई थारू खाना बनाउने तालिमसमेत प्रदान गरिएको छ ।

पर्यटन डिभिजन कार्यालय कोहलपुर, बाँकेको आयोजना तथा थारू सांस्कृतिक संरक्षण केन्द्र चखौरा दाङको सहकार्यमा दाङका ४० महिलालाई थारू परम्परागत खानाको व्यावसायिक प्रवर्द्धन तालिम प्रदान गरिएको हो । दङ्गीशरण गाउँपालिकाको चखौरामा आयोजना गरिएको सो तालिममा दाङका थारूले खाने रैथाने खाना दगौरा, दाङको देउखुरीका थारूले खाने देउखुरीया, बाँके र बर्दियाका थारूले खाने देसौरी तथा कैलाली र कञ्चनपुरका थारूले खाने राणा र कठरिया खाना बनाउन सिकाइएको थियो ।

यस भेगका महिलालाई रैथाने थारू खाना बनाउन सिकाएर यसलाई बजारीकरण गर्नतर्फ आफूहरू लागेको लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बताए । "अहिले थारू समुदायको खाना भनेर ढिक्री, घुँडी, जाँडको झोलमात्र दिने गरिएको छ", उनले भने-"त्यतिमात्रै थारू समुदायको परिकार होइनन्, हाम्रा थुप्रै खाना लोप भएका छन्, जुन मानव स्वास्थ्यका लागि पनि लाभदायक छन् ।"

उनका अनुसार कन्जुवा, अनदी, सिम्ठारो, मकै र मसुराको भात, थारू समुदायको विवाह पाटीका परिकार, घोडी, गङ्गटा, लोकल कुखुराको मासु, गुइता माछा, माछा, सिद्रा माछा, बङ्गुरको मासु, बयरको अचार, जारको झोल, ढिक्री, पतौरीलगायत ४० भन्दा बढी रैथाने परिकार छन् । ठाउँअनुसार फरकफरक खाना रहेकाले ती खानालाई बजारमा लैजान सकेमा आम्दानीको मुख्य स्रोत पनि बन्न सक्ने पूर्वमुख्यमन्त्री चौधरीको भनाइ छ ।

उनका अनुसार अब झापा, मोरङ, बारालगायत थारू समुदायले खाने रैथाने खानाका बारेमा पनि व्यावसायिक तालिम दिने तयारी छ । अहिले दाङका थारू समुदायलाई मात्र यो तालिम प्रदान गरिएकामा अब बाँके, बर्दिया, रुपन्देही, कपिलवस्तु, नवलपरासीका थारू समुदायलाई पनि यस्तो तालिम दिने उनको भनाइ छ ।

---

## जीव...

"पुरुषले दिदीबहिनीका बालबच्चालाई सम्पूर्ण सामाजिक प्रतिष्ठा मातृसत्तात्मक रूपमा हस्तान्तरण गर्दछ र नाता सम्बन्धको यस पूर्ण मातृवादी मान्यताको महत्त्व अपार छ... मातृसत्तात्मक सम्बन्धको आधारमा एकगठ भएका मानिसहरू आफ्नो समूहमा भावनात्मक, शारीरिक तथा आपसी स्वार्थको समरूपताले एकाकार भएका हुन्छन् र यस्तो समूहबाट बच्चाको बाबुको रूपमा देखिएका या वैवाहिक रूपमा सम्बद्ध भएकाहरू तिरस्कृत हुन्छन्....." (उही पृष्ठ ४ ) ।

मातृवादितामाथि मातृप्रधानताको कारणवाट यस्ता समुदायहरूमा हुने 'द्वैतता' या 'दुई पक्षीय' प्रभावको घुसपैठलाई मालिनोस्कीले राम्ररी महसुस गर्नुभएको छ । यस्ता समुदायका छोराहरू आमासँग सम्बद्ध दुई वयस्क पुरुषहरूबीच बाँडिएका र उनीहरूबीच अल्मलिएका हुन्छन् । एकातिर लामो समयदेखि सम्बद्ध आमाको दाजु हुन्छ भने अर्कोतिर बाहिरी मान्छे-आमाको लोग्ने । ट्रोबीयाण्ड द्वीपका बासिन्दाहरू मातृसत्तात्मक समाजको होइन मातृसत्ताबाट पितृसत्तात्मक समाजमा संक्रमण हुन लागेको समुदायको प्रतिनिधित्व गर्छन् भन्ने तथ्य चाहिं मालिनोस्कीले हामीलाई बताउनुभएको छैन ।

वितेका शताब्दीका उत्कृष्ट मानवशास्त्रीहरूले मातृसत्तात्मक समुदाय पितृसत्तात्मक समुदाय या सामाजिक संगठनको पितृसत्तात्मक स्वरूपमा संक्रमित कैयौं उदाहरणहरू फेला परेका छन् । यस्ता प्रमाणहरूबारे इ. सिडनी हर्टलैण्ड भन्नुहुन्छ, 'पितृसत्तात्मक नियमले संसारभरि नै निरन्तर रूपमा मातृत्वको अधिकारमाथि आक्रमण गर्यो, यसैको फलस्वरूप संक्रमणको झण्डैजसो हरेक चरणमा मातृसत्तात्मक संगठनहरू फेला गर्दछन् (आदिम समाज (मेथ्यून एण्ड कं) पृष्ठ ३४) ।'

यस्ता कैयौं विद्यमान तर संक्रमणको चरणमा रहेका समुदायमा नारीजातिको स्थिति झण्डैजसो अपरिवर्तित रह्यो । उनीहरूलाई निरन्तर रूपमा आर्थिक स्वतन्त्रता र सामाजिक स्नेह प्राप्त भैरह्यो । तर अरू इलाका तिनमा पनि जहाँ जहाँ अर्थतन्त्रमा पितृसत्तात्मकता, पुरुष श्रेष्ठता तथा वर्ग विभाजन कोरा ढंगले लादियो- हरूमा नारीजातिलाई वर्गसमाजको पुरुषको दिदीबहिनी मात्र मानिन थालियो । स्वास्नीमानिसमाथि लोग्ने तथा बाबुले पितृसत्तात्मक समाजमा गर्न सक्ने जस्तै उत्पीडन यस्तो समाजमा दाजुभाइबाट हु सक्दथ्यो ।

आदिम नारीको निम्नस्तरीय अवस्थाको प्रमाणस्वरूप अष्ट्रेलियालाई प्रस्तुत गरिन्छ । तर केन्द्रीय जनजातिबारे गीलेन तथा स्पेन्सर जस्ता ठूला विद्वान्हरूको रायमा पुरानोपरम्परागत अवधि र हालको अवधिबीच ठूलो भिन्नता रहेको छ । उहाँहरूले बताउनु भएअनुसार त्यहाँ अहिलेको तुलनामा पहिलेका स्वास्नीमानिसको भूमिका एकदमै फरक र महत्त्वपूर्ण हुने गर्दथ्यो (केन्द्रीय अष्ट्रेलियाका आदिम जनजाति (म्याकमिलन) पृष्ठ१९५-१९६) ।

यो पुस्तक तथा अन्य टिपोटहरूको आधारमा रबर्ट विफौल्टले पितृसत्ता, पुरुषआधिपत्य र नारीजातिको अपभ्रंश पारिएका "ज्यादै नवीन विकासका चारित्रिक विशेषता हुन्" र यिनले नारीजातिको प्रभाव तथा पक्षपातीपनलाई विस्थापित गरेका छन् भन्ने निष्कर्ष निकाल्नुभएको छ । उहाँ भन्नुहुन्छ, "अष्ट्रेलियाली जनजाति आदिम मात्र होइनन् अनेकौं मामिलामा तल्ला स्तर भएका जाति पनि हुन् ।" यसैले गर्दा पुरुषआधिपत्यता एकपल्ट स्थापित हुनासाथ आफ्नो चरम अवस्थामा पुगिहालेका हुन् भन्ने पनि ब्रिफल्टको राय भेटिन्छ (द मदर्स, ग्रन्थ १, पृष्ठ ३३८-३३९) । यो कुनै आश्चर्यजनक तत्त्व होइन किनभने अष्ट्रेलिया त्यो महादेश हो जहाँ गोराहरूको आगमन भएको एक शताब्दीभित्र व्यापक मात्रामा रोग तथा व्याधि चम्किएर स्थानीय जनजातिको ५ लाख जनसंख्या घटेर पचासहजार मात्र रहन पुगेको थियो ।

यसको ठीक विपरीत मातृसत्तात्मक संस्कृतिको सम्बर्द्धन र पुरुष र नारीजातिको स्तरमा कत्ति पनि गिरावट नआउने व्यवस्था कायम रहेका उदाहरणहरू पनि भेटिएका छन् । उत्तर अमेरिकामा बस्ने इण्डियनहरूलाई बन्दूक तथा रक्सीको भरमा युरोपबाट गएका सभ्य बासिन्दाहरूले दमन नगरुन्जेलसम्म त्यहाँ पुरुषश्रेष्ठता र नारीउत्पीडनको अस्तित्व थिएन । ब्रिफौल्टले पादरी जे.एफ. लेफिट्युको उदाहरण दिएका छन् ः

"नारीजातिको यस्तो श्रेष्ठता बाहेक अरू केही सत्य हुन सक्दैन । सही मानेमा स्वास्नीमानिसमा नै राष्ट्र, रक्तशुद्धता, वंशावली, सन्तानको श्रृंखला र परिवारको सुरक्षाभार निहित हुन्छ । समग्र वास्तविक अधिकार उनीहरूमा निहित हुन्छ, देश, भूमि र सम्पूर्ण वालीनाली उनीहरूकै अधिकारका वस्तु हुन् । सम्पूर्ण सभा, सम्मेलनका आत्मा र युद्ध एवं शान्तिका निर्णायक नारीजाति नै हुन्" (उही पृष्ठ ३१६) ।

कविलाको सरदारको निर्वाचनमा नारीजातिको निर्णायक प्रभाव हुन्थ्यो भन्ने अलेक्जेण्डर गोल्डेनवाइजरको भनाइ छ । खासगरी बुद्धकालमा सरदारका क्रियाकलापहरूको निर्देशन तथा नियन्त्रण वंश माता (ञबतचयल) बाट हुने गर्दथ्यो र सरदारको कार्य सन्तोषजनक नभेटिएमा महिलाहरूको असन्तुष्टिले सरदारलाई पदभारबाट मुक्त गर्न सक्थ्यो । 'इरोकुइस राज्य' कालसम्म पनि 'कविला सरदारहरूको चयन तथा पदमुक्तिमा नारीजाति पुरुषभन्दा वढी प्रभावशाली थिए,... जनआकांक्षाको रूपमा पुरुषको भन्दा नारीको बोलीलाई समूहमा बढी इज्जत मिल्थ्यो' भन्ने उहाँको भनाइ छ । कैयौं संहारक युद्धहरू 'महिलावर्गको सल्लाहले गर्दा टारिएको हुनुपर्दछ' भन्ने पनि उहाँको राय छ (मानवशास्त्र (एफ.एस. क्रोफ्ट्स एण्ड कं) पृष्ठ ३६५) । औपनिवेशिक सरकारका जमीन हस्तान्तरण सम्बन्धी सवैजसो कागजातहरूमा महिलाहरूको हस्ताक्षर भएको तथ्यले पनि नारीअधिकारसम्बन्धी वास्तविक तथ्यमा प्रकाश पार्दछ ।

नारीलाई हीन जाति सम्झने गोरा मानिस र इरोकुइस जातिहरूबीचको एउटा चाखलाग्दो मुठभेडलाई ब्रिफौल्टले उल्लेख गरेका छन् । इरोकुइसहरूको छानिएको वक्ता 'असल पिटर'ले स्थानीय अमेरिकीबीच नारीजातिप्रति रहेको उच्च श्रद्धाभावनालाई प्रष्ट पार्दै भनेका थिएः "भाइ हो ! हाम्रा पूर्वजहरूले नारीजाति, तिनीहरूमा पनि राज्यमाताहरूकोसरसल्लाहको अनादर गर्ने प्रवृत्तिलाई ठूलो अपराध मानिआएका छन् । नारीजाति यस धरतीका सौभाग्यशाली स्वाभिमानी हुन् । कसले हामीमा जीवन आरोपित गयो ? खेती कसले गर्छ, चुल्लो कसले जलाउँछ, भाँडा कसले तताउँछ ? हाम्रा पूर्वजहरूको यस प्रश्नको एउटै जवाफ छ- कसले अब ? नारी जातिले । भाइहरू हो। हामीलाई भन्न कर लाग्छ- हाम्रो नारीजाति बुद्धिमान् छन्... उनीहरूको निर्माण सर्वशक्तिमानले गरेको हो, उनीहरूको ईर्ष्या गर्नु हुँदैन र जुन असीम श्रद्धा हाम्रा पूर्वजहरूले महिलाजातिमाथि देखाएका छन्, त्यसलाई बेवास्ता गर्नु हुँदैन । राजमाताहरूले हाम्रा पूर्वजहरूको शक्तिसँग मिल्दोजुल्दो नारीजातिलाई प्रदत्त स्वतन्त्रताबारे बोल्न चाहनुभएको छ र यो स्वतन्त्रता प्रदान गरिनुपर्छ । हाम्रो राष्ट्रको जीवन उहाँहरू नै हुनुहुन्छ" (उही पृष्ठ ३१६-१७) ।

डब्लु डब्लु एकहितका निम्न शब्दलाई पनि विफौल्टले उद्धृत गर्नुभएको छ, "थाहा छैन कसरी उनीहरूको त्यस कलामा सम्पूर्णता र स्वीकार्यता हासिल भएको छ । कानून नजानेका असभ्य र आफ्नो सरदारको आज्ञा पनि विलकुलै अनिच्छापूर्वक मात्र पालना गर्ने जंगली जाति पनि उनीहरूसँग किन नतमस्तक हुन्छन् त्यो ध्यान दिन लायक छ" (उही पृष्ठ ३२७) ।

अनन्तकालदेखि उत्पीडित नारीको चित्र यस्तो हुन गाह्रै पर्दछ । कुनै कुनै आदिम समुदायमा नारीमाथि पितृसत्तात्मक सभ्य समाजमा जस्तै उत्पीडन भेटिनुले नारीजातिको अनन्त उत्पीडन प्रमाणित गर्दैन । ज्यादाभन्दा ज्यादा, यसले केही इलाकामा, त्यो पनि सबै ठाउँमा होइन, आमा र बहिनीको पतनसँगसँगै मामाको पतन पनि संभव तुल्यायो । आमाका भाइहरूमध्ये कोही पितृसत्तात्मक समाजको अनुकरण गर्दै नारीजातिका उत्पीडक र पुरुषश्रेष्ठताका प्रतीकको रूपमा अरूहरूभन्दा पनि बढी प्रतिष्ठापित हुन पुगे ।

तर पितृसत्ताले कब्जा जमाउनुअघि समाजमा पुरुष तथा स्त्री कसैको पनि एकअर्कामाथि आधिपत्य चल्दैनथ्यो । वंशपरम्पराको ढाँचा सामुदायिक स्वरूपको थियो, नारीको बहिनीपन र पुरुषको भातृत्वको एकात्मपन थियो । सामाजिक, आर्थिक तथा यौन जीवनको हरेक पक्षमा समानताको सम्बन्ध नै यस्तो सामाजिक ढाँचाको आधारस्तम्भ थियो । अर्थात् नारीजाति सधैभरि उत्पीडित थिएन । महिलाउत्पीडनको सूत्रपात मातृसत्तात्मक समाजको विस्थापनापछि स्थापित उत्पीडक समाजको एक अभिन्न अंगको रूपमा भएको थियो । महिला उत्पीडनलाई सधैंभरि विद्यमान रहेको ठम्याइ राख्ने यो 'मावलीसिद्धान्त' नारीजातिको हीनतासम्बन्धी 'गर्भाशयसिद्धान्त' को अलि व्यापक रूप मात्र हो । महिलामुक्ति आन्दोलनमा संलग्न महिलाहरूले यी दुवै सिद्धान्तहरूको तिरस्कार एकसाथ गर्नुपर्छ । केट मिलेट जस्ता प्रभावशाली लेखिकाहरूले समेत यसो नगर्नु हाम्रो दुर्भाग्य हो । नारीमुक्तिआन्दोलनकी लडाका मिलेट शरीर नै स्वास्नीमानिसको भाग्य हो भन्ने मान्यताको विरोधी भए तापनि इतिहासविरोधी मानवशास्त्रसँग प्रभावित हुनुहुन्छ । आफ्नो पुस्तक राजनीति (डबल डे एन्ड क) मा उहाँ लेख्नुहुन्छ, "आदिम तथा सभ्य दुवै समाज - पुरुष विश्व हुन्" (पृष्ठ ४६) र "चाहे पितृसत्तात्मक पुरुषबाट होस् चाहे मावलीवादी पुरुषबाट होस् नारीजाति सधैंभरि उत्पीडित नै रहेको छ" (पृष्ठ २५) । उवहाँका यी भनाइ र मातृसमाज थियो कि थिएन त्यो चाहि मलाई ज्ञान छैन भन्ने अर्को भनाइ निश्चय नै आश्चर्यजनक छन् ।

यौननारीजातिको अनन्त उत्पीडनबारे यसभन्दा पनि ठूलो खाडलमा शूलामिथ फायरस्टोन भन्ने लेखिका "यौन द्वन्दात्मकता" (विलियम मरो एण्ड कं.) मार्फत् फँस्नुभएको छ । उहाँलेयस विषयमा पुरुषहरूले बनाएका सम्पूर्ण श्लोकहरू भट्याउनु भएको छ । फायरस्टोनका अनुसार, नारीउत्पीडन लेखिएको इतिहासभन्दा जेठो छ, यसलाई खोज्दै जाँदा 'पशुविश्वमा पुगिन्छ' (पृष्ठ २) । शरीरको कारणले गर्दा उत्पादन कार्य नारी शक्तिभन्दा बाहिरको वस्तु थियो भन्दै उहाँले आदिम आइमाईका व्यापक एवं विस्तृत श्रमबारेको आफ्नो अज्ञानता छर्लङ्ग पार्नुभएको छ । लेखिका पुनः भन्नुहुन्छ- आफ्नो जीवविज्ञानले गर्दा आइमाईहरू जीवनको अद्भूत प्रक्रियाभित्र बाँधिन पुगे (पृष्ठ ८२) । फायरस्टोनले यसरी बच्चा जन्माउने र हुर्काउनेसम्बन्धी पुरुषमान्यतालाई मात्र दोहोर्याउनु भएको छ । यसरी वहाँको निष्कर्षमा स्वास्नीमानिसहरू 'आफ्नो शरीरको दयामा रहेका हुन्छन्', 'शरीरैले नारीहरूलाई सधैंभरि पुरुषमाथि आश्रित तुल्याएको छ, आश्रयदाता पुरुष वंश भाइ वा लोग्ने वा बाबु जोसुकै पनि हुनसक्छ ।

जसरी भए पनि नारीजातिको हीनतासम्बन्धी 'गर्भाशयसिद्धान्त'लाई सही तुल्याउन फायरस्टोन कटिबद्ध देखिनुहुन्छ । मार्क्स र एंगेल्सलाई 'उत्पीडित वर्गको रूपमा नारीजातिबारे केही पनि थाहा थिएन' भनी तिरस्कार गर्दै उहाँले 'महिलाउत्पीडनको सूत्रपात तथा स्थायित्वको निम्ति पितृसत्तात्मक समाजको कुनै आकस्मिक प्रादुर्भाव जिम्मेवार नभएर आफ्नै प्रजननक्रिया जिम्मेवार छ' भन्ने निष्कर्ष निकाल्नुभएको छ । जीवविज्ञान नै आइमाईको निर्धारित भाग्य हो भन्ने नारीजातिविरोधी नाराको सुगा रटाइ नारीवादी फायरस्टोनले तथ्यको आलोचनात्मक विश्लेषण समेत नगरी रट्नुभएको छ

आफ्नो अध्ययनको बाबजुद केही महिला मानवशास्त्रीहरूले पनि गल्ती दोहोर्याउनु भएको छ र निश्चय नै यो हाम्रो दुर्भाग्य हो । पुरुषश्रेष्ठतावादको पक्षधर तथा मानवशास्त्रको क्षेत्रमा व्यापक घुसपैठ गर्ने सफल पूँजीवादी सिद्धान्तको प्रभावमा परेर उहाँहरू पनि नारीजातिको अनन्तहीनता र अन्त्यरहित उत्पीडनको राग अलाप्न सघाइरहनुभएको छ । बेलायती मानवशास्त्री लुसी मायर भन्नुहुन्छ, "सबैभन्दा सरल समाजदेखि औद्योगिक समाजसम्म कहीं पनि स्वास्नीमानिसहरू स्वतन्त्र हुँदैनन् ।" "चाहे लोग्ने होस्, चाहे बाबु, चाहे दाजुभाइ नारीजाति पुरुषमाथि नै आश्रित हुन्छन् ।" (सामाजिक मानवशास्त्रको परिचय (अक्सफर्ड यूनिर्वसिटी प्रेस) पृष्ठ ८३) । अद्यावधि विद्यमान रहेका केही मातृसत्तात्मक समाजमा हेर्दा यो हावादारी भनाइ कतै लागू हुँदैन किनभने यस्तो समाजमा पनि नारीजातिको आर्थिक स्वतन्त्रता र सामाजिक प्रतिष्ठा विद्यमान रहेको पाइन्छ । त्यसैले पितृसत्तात्मक समाजको उदयभन्दा अघिको मातृसत्तात्मक युगका लागि त यो कुरो सही साबित हुने कुनै संभावना नै रहेन । बेचेफेनको दाश मातेरक (मातृ अधिकार) को सैयौं वार्षिकोत्सवको उपलक्ष्यमा सन् १९६९ मा 'मातृसत्तात्मक नाता सम्बन्ध (यूनिर्वसिटी अफ कैलिफोर्निया प्रेस) भन्ने पुस्तक प्रकाशित गर्ने भ्यानकुवरका क्याथलीन गफ एभरलीको योगदान ठूलो छ । तर उहाँ पनि नारीजाति सधैंभरि उत्पीडित रहेको विश्वासमा हुनुहुन्छ । महिलामुक्ति आन्दोलनको पक्षमा हालसालै प्रकाशित गर्नुभएको एउटा लेखमा उहाँ भन्नुहुन्छ, "थुपारिएको सम्पत्तिको अस्तित्वबाट नारी जातिको निरन्तर शोषण गर्ने पुरुषशक्तिको जन्म हुन्छ" र यसलाई राज्यसत्ताको शक्तिले बल पुर्याउँछ । यो भनाइ मार्क्सवादी मान्यतासम्मत छ ।" तर उहाँ तुरुन्तै ऐतिहासिक भौतिकवादी उपायबाट पलायन गर्नुहुन्छ र भन्नुहुन्छ, "शिकारी समाजमा महिलाहरू समेत धेरैजसो एक न अर्को अर्थमा दोस्रो लिंग सरह नै रहेको र अन्तर्गत नै रहेको भेटिन्छ (तलबाट माथि, जनवरी-फ्रेबुअरी, १९७१) ।"

पुरुषआधिपत्ययो कुरा हालसाल मात्र परिवर्तित शिकारी समाजको सन्दर्भमा सही साबित हुनसक्छ तर मातृसत्तात्मक समुदायकालका शिकारी दस्ताहरूमा भने यो सही साबित हुनसक्दैन । प्रष्टसँग भनौं ः शिकारी पेशाले पुरुषलाई नारीजातिमाथि श्रेष्ठता प्रदान गर्दैन । पुरुषश्रेष्ठताको स्थापना र महिला उत्पीडनलाई समेत पितृसत्तात्मक परिवारले मात्रै संभव तुल्याएको हो ।

### श्रमको सामाजिक एवं पारिवारिक विभाजन

यसले हामीलाई नारीजाति दोस्रो दर्जाका जाति हो भन्ने साबित गर्न तयार पारिएको मिथकको अन्तिम गाँठोमा पुर्याउँछ । यो कुराको सम्बन्ध लिंगको बीच श्रमको आदिम एवं सभ्य विभाजन बीचको भिन्नतासँग छ । विद्यमान प्रचारसाधनले लिंग लिंग बीच श्रम विभाजनको प्रारूप आजसम्म परिवर्तित भएको छैन र नारीजाति अहिले पनि घर तथा परिवारभित्र मात्रै सीमित रहेको छ भन्ने बताउँछ ।

परिवारको लोग्ने तथा स्वास्नीबीचको विभाजन नै मानव इतिहासको शुरु भएदेखि आजसम्म लिंगको आधारमा भएको श्रम विभाजन हो भन्ने विश्वास गरिन्छ । अर्थात् लोग्नेको काम घरदेखि बाहिर र स्वास्नीको काम घरभित्र रही केटाकेटीको हेरचाह तथा घरधन्धा हेर्नु रहेको बुझिन्छ । लोग्नेको कामले पैसा पाउने र स्वास्नीको कामले नपाउने हुँदा पनि नारीमुक्तिआन्दोलनसँग सम्बद्ध महिलाहरू क्रोधित हुन्छन् । तर अन्यायको खाडल देखिएको यो सतहभन्दा निकै गहिरो छ । यस अन्यायले आइमाईको जीवनलाई नीरस घरायसी कामधन्धाको पिंजडाभित्र, घरको पर्खालभित्र कैद, अविकसित, आश्रित तथा सांस्कृतिक रूपमा नपुंसक तुल्याएको हुन्छ ।

आर्थिक स्वतन्त्रता प्रदान गर्न सक्ने सामाजिक श्रम सामान्य तथा पुरुषको निम्ति सुरक्षित हुन्छ र नारीजातिबाट वञ्चित हुन्छ । नारीजाति संलग्न हुनसक्ने सबभन्दा राम्रो जीवनयापनको सामाजिक साधन विवाह र घरपरिवार हुन् भन्ने मान्यता अगाडि सारिन्छ ।

नारी जातिको इच्छा भए पनि नभए पनि गर्भनिरोध तथा गर्भपातसम्बन्धी प्रतिक्रियावादी कानूनले उनीहरूलाई बच्चा जन्माउन विवश तुल्याउँछ । बच्चाको हेरचाह गर्ने केन्द्रको अभावमा प्रत्येक आइमाईमाथि बच्चा आफैं हुर्काउनु पर्ने वाध्यता आइपर्दछ ।

चर्च तथा स्थापित सामाजिक मान्यताका संरक्षकहरूको रायमा परिवारको अस्तित्व सधैंभरि रहिआएको नारीको उचित स्थान घरमा बसी लोग्ने र छोराछोरीको सेवा गर्नु नै हो । तर सन्तानउत्पादन जस्तो प्राकृतिक कार्य परिवार जस्तो मानवनिर्मित संस्था जस्तो किमार्थ हुँदैन । नारीजाति बालबच्चाको जन्मदाता सधैं रहेका छन् तर सबै स्वास्नीमानिस घरको पर्खालभित्र सीमित रही लोग्ने तथा परिवारको सेवामा मात्र रहेका भने छैनन् । 'अनन्त परिवार'को फट्याइँ नारीजातिको हीनतासम्बन्धी 'गर्भाशयसिद्धान्त' को अन्तिम अभिव्यक्ति हो ।

आजको जस्तो लोग्नेले घरबाहिरको कामकाज गर्ने र स्वास्नी चाहिं घरभित्र मूर्खतापूर्ण कामकाजमा संलग्न हुने लोग्नेस्वास्नीबीचको श्रमविभाजन नै लिंग लिंगबीचको श्रमको प्रथम विभाजन कदापि होइन । आदिम समाजका नारीपुरुष दुवै सामाजिक श्रम सम्पादनमा संलग्न हुन्थे । उनीहरूको सामूहिक उत्पादनप्रणालीसँग बच्चाको सामूहिक ङ्ग रेखदेख र शिक्षा समेत गाभिएको हुँदा यो संभव भएको थियो । केटीहरूलाई भविष्यमा लिइने पेशाबारे वयस्क आइमाईले तालिम दिन्थे भने वयस्क पुरुषहरू उमेर पुगेका केटाहरूको गुरु तथा संरक्षक बन्दथे । प्रारम्भमा उत्पादन तथा बालबच्चाको हेरचाह जस्ता सामाजिक कार्यमा नारी तथा पुरुषको संयुक्त सहभागिता रहन्थ्यो । उत्पादकक्रियावाट नारीजातिलाई अलग्याउने र पारिवारिक नोकरीमा सीमित तुल्याउने काम मातृसत्तात्मक समुदाय रत्यससँग गाँसिएको नारीपुरुषबीचको समानताको सम्बन्धको अन्त्यपछि मात्र भएको हो । श्रमको नवीन विभाजनमा पुरुषले आफ्नो आधिपत्य स्थापित गरेको हो ।

कृषि तथा पशुपालनमा आधारित नयाँ अर्थतन्त्रको प्रादुर्भावपछि नारीपुरुषको आधारमा भएको पुरानो श्रमविभाजनलाई विस्थापित गर्दै थप विभाजनको अस्तित्व देखिएको हो । जस्तै गाईबस्तु चराउने काम कृषिबाट अलग्गियो, धातुको काम, घर निर्माण, जहाज बनाउने, कपडा, माटाका भाँडा तथा अन्य शिल्पहरू विशेष पेशाको रूपमा विकसित भए । सांस्कृतिक क्षेत्रमा पनि उत्पादक श्रममा जस्तै पादरी र कवि, वैज्ञानिक र कलाकार जस्ता विशेषज्ञहरू विकसित भए ।

यस प्रक्रियाले नारी तथा पुरुषको भूमिकामा तीव्र परिवर्तन ल्यायो । श्रमका यस्ता नयाँ विभाजन तथा उप-विभाजनहरू विकसित हुँदै गएपछि झन् झन् बढी मात्रामा पुरुषले हात पारे । सामाजिक तथा सांस्कृतिक क्षेत्रबाट महिलाहरूलाई निचोरेर फ्याँकियो र घर परिवारभित्र धकेलियो । सरकार र चर्चले शक्ति पाएपछि स्वास्नीमानिसलाई घरको पर्खालभित्र सीमित हुन र विना कुनै शिकायत लोग्ने तथा परिवारको सेवा गर्नु नै स्वास्नीमानिसको सर्वोत्तम काम हो भन्न सिकाइयो । पुरुष स्तरको वृद्धि र महिला स्तरको पतनको यस प्रक्रियामा नारी जातिलाई सामाजिक उत्पादनको आफ्नो पुरानो भूमिकाबाट मात्र होइन बालबच्चाको हेरचाह गर्ने सामुदायिक प्रणालीबाट पनि वञ्चित तुल्याइयो ।

सामान्य तथा निम्नवर्गका आइमाई भने उत्पादकप्रक्रियामा सधैं संलग्न भइआएको पक्का छ । कृषिपालनको दीर्घकालीन अवधिमा नारीजाति कृषि तथा वस्तुउत्पादन प्रक्रियामा संलग्न हुनाको साथै बच्चा जन्माउने र हेरचाह गर्ने काममा पनि संलग्न रहेका हुन् । तर सामुदायिक समाजको सामाजिक उत्पादनप्रक्रियाभित्रको संलग्नता र कुनै खास लोग्ने, घर र परिवारको मातहत र त्यसैको निम्ति काम गर्ने प्रक्रिया कुनै पनि हालतमा उस्तै होइनन् । सामाजिक उत्पादनभित्रको सहभागिताले मानसिक तथा शारीरिक विकास संभव तुल्याउँछ, घरायसी कामकाजभित्रको ज्यादा व्यस्तता र अरूसँग अलग्गिनाले मन तथा शरीर नै कमजोर हुन्छ र दृष्टिकोण पनि साँगुरिन्छ ।

अर्को शब्दमा, नारी तथा पुरुषवीच श्रमको विभाजन सधैंभरि उही रहेको छैन । पुरुषआधिपत्य भएको श्रमविभाजन वर्ग, समाज र निजी सम्पत्तिसँगै जन्मेको हो र पितृसत्तात्मक परिवारले नारीजातिमाथि भएको व्यापक डकैतीको प्रतिनिधित्व गर्दछ । विस्तृत क्षेत्रफलको कृषिउत्पादन देहाती परिवार ज्यादै सानो, केन्द्रीकृत तथा खाली उपभोग गर्ने शहरी परिवारमा गिरेको आजको युगमा यो तथ्य झन् सही साबित भएको छ ।

नारी जातिलाई उत्पीडित राखी छोड्नमा सहायक 'गर्भाशयसिद्धान्त' देखि 'अनन्त परिवार'सम्मको मिथ्या प्रचारहरूको खण्डन गर्नु भनेको ऐतिहासिक तथा वैज्ञानिक शुद्धताको प्रतिष्ठापन मात्र किमार्थ होइन । यसको नारीमुक्तिआन्दोलनमा अतुलनीय प्रभाव पर्दछ । नारीजातिको हीनताको कारण उनीहरूको जीववैज्ञानिक संरचना नै हो भन्ने तर्क पुरुषश्रेष्ठतावादीहरूको मुख्य बल रहिआएको छ । यो दावा आधारहीन साबित हुनासाथ उनीहरूको स्थिति ध्वस्त हुन्छ ।

नारीले प्राकृतिक रूपमा पुरुषको तुलनामा शरीरको कारणवश कुनै बढी असमर्थता भोग्नुपरेको छैन । मातृत्वको भूमिकाले गर्दा वर्गविभाजनपूर्वको समाजमा नारीजातिको महत्त्व कम गरिएको थिएन । उत्पादक-प्रजननकर्ताको संयुक्त भूमिकाले गर्दा उनीहरूको एकदमै सम्मान गरिन्थ्यो । त्यसैले समाजमा नारीजातिको स्थिति इतिहासको परिवर्तनको आधारमा समय समयमा परिवर्तित भई आएको छ । मातृसत्तात्मक साम्यवादलाई उल्ट्याउनेउथलपुथलयुक्त परिर्वतनले नारीजातिको पतन गराएको हो । पितृसत्तात्मक समाजको प्रादुर्भाव भएपछि नारीशरीरको बनोट नारीजातिलाई सांस्कृतिक तथा सामाजिक जीवनसँग स्थायी रूपमा अलग्याउने र नोकरको स्थितिमा पुर्याउने कार्यको बहाना बन्न पुगेको हो यसलाई बुझेपछि मात्र हामी स्वास्नीमानिसहरू हामीलाई पूँजीवादी समाजको स्वरूपसँग बाँध्ने, हाम्रो स्तर गिराउने र पराधीन तुल्याउने वास्तविक कारणहरूको पहुँचमा पुग्नसक्छौं । हामीले हाम्रो उत्पीडनको निम्ति प्रकृति होइन, यो समाज स्वयं नै जिम्मेवार छ भन्ने नबुझुन्जेल हाम्रो मुक्तिसंघर्ष अवरुद्ध रहनेछ ।

हालसालैको प्रदर्शनमा एकजना महिलाले बोकेको तुल थियोः जीवविज्ञान (शरीर) नारीजातिको नियति होइन । यो शब्द नारीवादी आन्दोलनको मुख्य शब्द बन्नुपर्दछ ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

# रास्वपा कर्णाली सह–महामन्त्रीसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा




बुटवल। सामुदायिक वन उपभोक्ता समितिको रकम हिनामिना गरेको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कर्णाली प्रदेश सहमहामन्त्री हरिप्रसाद अधिकारीसहित पाँच जनाविरुद्ध अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गराएको छ।

बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै अख्तियारले पश्चिम सुर्खेतको चौकुने गाउँपालिका-५ स्थित मालिका सामुदायिक वन उपभोक्ता समितिमा १२ लाखभन्दा बढी रकम हिनामिना भएको अभियोग लागेको बताएको छ। जसमा उक्त वन उपभोक्ता समितिका अध्यक्ष अमरबहादुर दानी, कोषाध्यक्ष सावित्रा अधिकारी, सचिव तेजेन्द्रबहादुर वयक क्षेत्री र सदस्य हरिप्रसाद अधिकारीले आपसी मिलेमतोमा रकम दुरुपयोग गरिएको उल्लेख छ।

आर्थिक वर्ष २०७०/७१ देखि २०७५/७६ सम्मको अवधिमा गैरकानुनी रूपमा रकम दुरुपयोग गरेको देखिएको अख्तियारले जनाएको छ।

'उनीहरुले समितिको निर्णय र बिल भरपाई विना नै रकम खर्च गरेको, सडक निर्माणमा कार्ययोजना विना र नक्कली कागजात मिलाई भुक्तानी दिएको, लेखापरीक्षण नै नगरी लेखापरीक्षण शुल्क भुक्तानी गरेको देखाएको छ,' अख्तियारले भनेको छ-'साथै, काठ बिक्रीको रकम समितिको खातामा जम्मा नगरेको, नर्सरी व्यवस्थापन, वन मुद्दाका लागि अधिवक्ता शुल्क, र साक्षी खर्चका नाममा प्रमाण विना ठुलो रकम हिनामिना गरेको देखिन्छ।'

साथै समितिका अध्यक्षले व्यक्तिगत प्रयोजनका लागि (बसाइँ सर्दा र व्यक्तिगत जरिवाना तिर्न) समितिको पैसा प्रयोग गरेको अख्तियारले उल्लेख गरेको छ।

५ जनामै मिलेमतोमा १२ लाख १८ हजार ५१२ रुपैयाँ बराबरको हिनामिना गरेको ठहर गर्दै उनीहरूविरुद्ध विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले बताए।

विभिन्न शीर्षकमा उनीहरुले खर्चको कुनै कागज प्रमाण मिसिल संलग्न नगरी तथा बिना बिल/भरपाई ५ लाख १७ हजार ५०० खर्च गरेको देखाएको छ।

'यस्तै, वन समूहका पदाधिकारी प्रतिवादी भएको वन मुद्दा सम्बन्धी कार्यमा अधिवक्तालाई समितिको खाताबाट ३ लाख भुक्तानी गरेको देखाई कोषको रकम हिनामिना गरिएको छ,' अख्तियारले भनेको छ-'उपभोक्ता समूहको सार्वजनिक सम्पत्ति कोषको रकम मुद्दा तथा साक्षी खर्चका नाममा २ लाख ८५ हजार खर्च गरेको देखिन्छ।'

यस्तै वन समूहका अध्यक्षले सदरमुकाम वीरेन्द्रनगर बसाइँका नाममा निजी स्वार्थ पूरा गर्ने क्रममा ४१ हजार १६२ रुपैयाँ लिएको पनि उल्लेख गरिएको छ। साथै, व्यक्तिगत जरिवाना तिर्न समितिको ५१ हजार ४८५ रकम प्रयोग गरिएको र स्टिल दराज, मसलन्द र खाना/नास्ता लगायतका सामग्री खरिद भुक्तानी गर्दा कानुन सम्मत तवरले बिल प्रमाण संलग्न नगरी २३ हजार ३६५ रकम भुक्तानी भएको पनि अख्तियारले जनाएको छ।

# वार्षिक परीक्षा अघि भर्ना प्रक्रिया सुरु नगर्न निजी विद्यालयका नाममा अन्तरिम आदेश



बुटवल। सर्वोच्च अदालतले वार्षिक परीक्षा अगावै नयाँ शैक्षिक सत्रका लागि भर्ना प्रक्रिया सुरु नगर्न निजी विद्यालयका नाममा अन्तरिम आदेश जारी गरेको छ। सर्वोच्च अदालतका न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले सो आदेश दिएको हो।

काठमाडौँ विश्वविद्यालय, स्कुल अफ ल का विद्यार्थीहरू आयुष बडाल र आकाश ढकालले रिट दायर गरेका थिए।

रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एन-प्याब्सन), र काठमाडौँ, ललितपुर तथा भक्तपुरका स्थानीय तहहरूलाई विपक्षी बनाइएको थियो।

शिक्षा नियमावली (दशौँ संशोधन), २०७७ र स्थानीय तहका शिक्षा व्यवस्थापन नियमावलीहरूले वार्षिक परीक्षाको नतिजा प्रकाशन भएपछि मात्र नयाँ भर्ना प्रक्रिया सुरु गर्नुपर्ने स्पष्ट व्यवस्था गरेका छ। तर, काठमाडौँ उपत्यकाका केही प्रतिष्ठित भनिएका विद्यालयहरूले चैत महिनाभित्रै प्रवेश परीक्षा लिने, फारम वितरण गर्ने र भर्ना लिने कार्य गरिरहेका छन्।

विशेष गरी ज्ञानेश्वरस्थित ग्यालेक्सी पब्लिक स्कुल, ललितपुरको लिटिल एन्जल्स स्कुल, बुद्धनगरस्थित रोजबर्ड स्कुल र भक्तपुरको माउन्ट एभरेस्ट स्कुललगायतका विद्यालयहरूले कानुनको उल्लङ्घन गरेको दाबी रिटमा गरिएको छ।

विद्यालयहरूको यस्तो कार्यले अभिभावक र विद्यार्थीहरूलाई दबाबमा पारेको छ। 'सीमित सिटको डर देखाएर परीक्षा अगावै भर्ना लिँदा अभिभावकहरू बाध्य भई निर्णय लिन विवश छन्, जसले गर्दा शिक्षा क्षेत्रमा असमानता र अपारदर्शिता सिर्जना भएको छ।'- रिटमा भनिएको छ।

रिटमा नेपालको संविधानको धारा १८ (समानताको हक), धारा ३१ (शिक्षा सम्बन्धी हक) र धारा ३९ (बालबालिकाको हक) को उल्लङ्घन भएको जिकिर गरिएको छ। निवेदकहरूले उत्प्रेषणको आदेशद्वारा अवैध भर्ना प्रक्रिया बदर गर्न र परमादेशमार्फत भविष्यमा यस्ता कार्य हुन नदिन प्रभावकारी अनुगमनको व्यवस्था मिलाउन माग गरेका छन्।

साथै, मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म हाल भइरहेका भर्ना, सूचना प्रकाशन र प्रवेश परीक्षालगायतका सम्पूर्ण कार्यहरू तत्काल रोक्न सर्वोच्च अदालत नियमावली बमोजिम अन्तरिम आदेश जारी गर्नसमेत माग गरिएको छ।

# उद्योगबाट निस्केको धुवाँधुलोबाट व्यापक प्रदूषण



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीको उद्योगमा अनुगमन गरिएको छ रामग्राम नगरपालिकाले रामग्राम नगरपालिको वडा नं. १२ अवस्थित उद्योगहरूमा अनुगमन गरिएको हो।

रामग्राम नगरपालिका उद्योग निरीक्षक तथा नगरपालिकाको वरिष्ठ प्रशासकीय अधिकृत खेमराज ढकाल नेतृत्वको टोली खाद्य उद्योग र कृषि फार्म अनुगमन थियो।

उद्योगबाट निस्केको धुवा धुवाले प्रदूषण र मानव स्वास्थ्यमा प्रत्येक्ष असर परेको जनगुनासो आएपछि उद्योगहरूमा अनुगमन गरिएको नगरपालिकाको वरिष्ठ प्रशासकिय अधिकृत ढकालले जानकारी दिए। अनुगमनको क्रममा उद्योगहरूले वातावरणीय प्ररम्भिक अनुसार प्रदूषण नियन्त्रण नगरेको पाइएको बताए।

उद्योगबाट निस्केको धुवा धुलोले वातावरण पूर्ण रूपमा र मानिसको स्वास्थ्यमाथि प्रत्येक्ष असर पुयाएको देखिएको ढकालले बताए।उक्त प्रदुषण नियन्त्रण गर्न निर्देशन दिइएको ढकालले बताए।

रामग्राम वडा नं. १२ मा अवस्थित रहेको मारूती फुड उद्योगबाट निस्केको धुवाँधुलो व्यापक मात्र प्रदुषण गरेको र उद्योगमा काम गर्ने कामदारहरूलाई धुवाँधुलोबाट बाँच्नको सेप्टि सामनाहरू नदिएको पाईएको अनुगमन टोलि सदस्य एव वातावरण विज्ञ सुदिप पौडेलले बताए।

उनले भने कामदारहरूलाई उद्योग सञ्चालकहरू काम लगाउदाँ उनीहरूको स्वास्थ्य ख्यालमा मास्क र चश्माहरू उपलब्ध गराउनुपर्ने तर उद्योग सञ्चालकहरूले कामदारहरूको स्वास्थ्यमाथि खेलवाड गरेको अनुगमनको क्रममा भेटिएको बताए। रामग्राम नगरपालिका वडा नं. १२ स्थित रहेको माँ पाल्ही भगवती कृषि फार्म उद्योगमा प्रदुषण देखिएको छ। उद्योगको प्रदूषणले मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याएको छ।

उद्योगबाट निस्केको पानीले पनि मानव बस्तीको मानिस वा गाईबस्तुलाई पनि स्वास्थ्य असर पुगेको अनुगमन टोली जनाएको छ। रामग्राम वडान १२मा अवस्थित रहेको मारूती फुड पार्का र माँ पाल्ही भगवती कृषि फार्म उद्योगमा अनुगमन गरिएको टोलीका सदस्य सुमन ज्ञवालीले जानकारी दिए।

# सबै स्थानीय तहले पाए प्रमुख प्रशासकीय अधिकृत



बुटवल। नयाँ सरकार गठनसँगै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा धमाधम प्रमुख प्रशासकीय अधिकृत पठाएको छ। उप-महानगर, नगरपालिका र गाउँपालिका गरी रिक्त रहेका १४५ स्थानमा प्रमुख प्रशासकीय अधिकृतलाई खटाइएको छ। जसमा केही जिल्ला समन्वय समितिमा समन्वय अधिकारी पनि समावेश छन्।

यसअघि चितवन, अर्घाखाँची, इलाम, जाजरकोट, सल्यान, रोल्पा, उदयपुर, महोत्तरी, धनुषा, रौतहट र नवलपरासीका जिल्ला समन्वय समितिमा कार्यालय प्रमुख (जिल्ला समन्वय अधिकारी) रिक्त थिए। ती ठाउँमा मन्त्रालयले जिल्ला समन्वय अधिकारी खटाएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलका अनुसार उनले कार्यभार सम्हाल्दै गर्दा १४२ स्थानीय संरचनामा कार्यालय प्रमुख रिक्त थिए। मन्त्री रावलका अनुसार अब ७५३ वटै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको पदपूर्ति भइसकेको छ।

यो क्रममा १६ चैतमा ६३ जना जिल्ला समन्वय अधिकारी र नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत खटाइएको थियो। जसमा उपसचिवहरू खटाइएका छन्। तुलसीपुर, घोराही, बुटवल र जनकपुर उप-महानगरमा भने सह-सचिव पठाइएको छ। तुलसीपुरमा अतिरिक्त समूहमा रहेका टेकनारायण पौडेल, घोराहीमा चन्द्रप्रसाद भुसाल, बुटवलमा दीपक ज्ञवाली र जनकपुर उपमहानगरपालिकामा ज्ञान हरि घिमिरेलाई पठाएको छ।

यस्तै १९ चैत (बिहीबार) ७८ वटा गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत खटाइएको छ। जसमा अधिकृत स्तरका कर्मचारी छन्।

मन्त्रालयले स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत रिक्त हुनुमा मूलतः तीन कारण रहेको निचोड निकालेको छ। जसमा कर्मचारी जान अनिच्छुक हुनु, जनप्रतिनिधिले आफू अनुकूलको प्रशासकीय अधिकृत खोज्नु र चुनावी सरकारले सरुवाका कामलाई थाँती राख्नु मुख्य कारण छन्।

कर्मचारी र पालिका प्रमुखका कारणले महिनौँसम्म प्रमुख प्रशासकीय अधिकृत रिक्त हुँदै आएका कैयौँ पालिका रहेको मन्त्रालयले जनाएको छ। कतिपय पालिकामा पठाइएका प्रमुख प्रशासकीय अधिकृतलाई जनप्रतिनिधिले नै हाजिर गर्न नदिएर फिर्ता पठाएका घटना समेत छन्।

नयाँ सरकारमा सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी सम्हाले लगत्तै मन्त्री रावलले मन्त्रालयले तोकेको स्थानमा नजाने कर्मचारीविरुद्ध कडा नीति अख्तियार गरेकी थिइन्। सरुवा वा काजमा खटाइएको स्थानमा जान आनाकानी गर्ने कर्मचारीले बाटो खाली गर्न नै उनले चेतावनी दिएकी थिइन्।

मन्त्री रावलले विगतमा स्थानीय तहमा कार्यरत नहरेका र दुई वर्षभन्दा बढी मन्त्रालयमा रहेका अधिकृतहरूलाई प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाइएको बताइन्।

# महासंघमा अर्यालको उम्मेदवारी

बुटवल। बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरिप्रसाद अर्यालले नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी सदस्यमा उम्मेद्वारी दिएका छन्।

नेपाल उद्योग वाणिज्य महासंघको यहि चैत २८ र २९ मा हुने ६० औं साधारण सभा तथा निर्वाचनमा बुटवल उद्योग वाणिज्य संघको तर्फबाट अध्यक्ष अर्यालले खुला कार्यकारिणी सदस्य पदमा उम्मेदवारी दिएका हुन्।

अध्यक्ष अर्याललाई संघले महासंघको कार्यकारिणी सदस्य पदमा अगाडि सार्दै साधारण सभा तथा निर्वाचनका लागि संघको तर्फबाट मुख्य प्रतिनीधि समेत चयन गरिसकेको छ।

सोही अनुसार अध्यक्ष अर्यालले उम्मेद्वारी दिएका हुन्।

केन्द्रीय कार्यकारिणी सदस्य पदमा उम्मेदवारी दिएका अर्यालले जिल्ला नगर उद्योग वाणिज्य संघको संस्थागत विकास, नीतिगत सुधार, उद्योगी व्यवसायीहरुको हकहित, साना तथा मझौला उद्योगीलाई सम्वर्द्धन तथा प्रोत्साहन र उद्यमशिलता विकासका कार्यक्रमलाई प्राथमिकता दिइने प्रतिवद्धता व्यक्त गरेका छन्।

त्यसका लागि जिल्ला नगर उद्योग वाणिज्य संघ, उद्योगी व्यवसायी, नेपाल उद्योग वाणिज्य महासंघ र तीनै तहका सरकारसंग समन्वयकारी भूमिका निर्वाहन गर्ने पनि उनले बताए।

नेपाल उद्योग वाणिज्य महासंघको ६० औं वार्षिक साधारण सभा तथा अधिवेशन यहि चैतको २८ र २९ गते काठमाण्डौमा हुँदैछ।

# राजनीतिक नियुक्ति लिएकालाई राजीनामा गर्न आग्रह

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पूर्ववर्ती सरकारको पालामा राजनीतिक नियुक्ति लिएकाहरूलाई राजीनामा दिन आग्रह गरेको छ। यस्तो आग्रह रास्वपाले प्रतिनिधिसभाको रोष्ट्रमबाटै गरेको हो।

रास्वपा सभापति लामिछानेले यस्तो अपिल केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारबाट नियुक्ति लिएकाहरूतर्फ संकेत गरेका हुन्।

जेनजी आन्दोलन गत भदौ २३ र २४ गते भएको थियो। त्यसबेला ओली नेतृत्वमा नेकपा एमाले र नेपाली कांग्रेसको संयुक्त सरकार थियो। आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री ओली राजीनामा दिन बाध्य भए।

त्यसपछि तत्कालीन प्रतिनिधिसभाबाटै अर्को सरकार बन्न सकेन। २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो। अन्तरिम सरकारको नेतृत्वमा गत फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन भएको हो।

निर्वाचनमा रास्वपाले करिब दुई तिहाइ मत पाएको छ। २७५ सदस्यीय प्रतिनिधिसभामा १८२ सिट जितेको रास्वपाले शक्तिशाली सरकार बनाएको छ। प्रतिनिधिसभामा कांग्रेस ३८, नेकपा एमाले २५, नेपाली कम्युनिस्ट पार्टी १७, श्रम संस्कृति पार्टी ७, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ५ सिटमा खुम्चिएका छन्।

बदलिएको संसदीय अंकगणित स्मरण गर्दै रास्वपा सभापति लामिछानेले पूर्ववर्ती सरकारको पालामा नियुक्ति लिएकाहरूलाई राजीनामा दिन आग्रह गरेका हुन्।

राजीनामा आएपछि नयाँ सरकारले नयाँ मापदण्ड र मान्यताका आधारमा नियुक्ति प्रक्रिया अगाडि बढाउने सभापति लामिछानेको प्रतिबद्धता छ।

सार्वजनिक सेवा र निकायका पदाधिकारीलाई पनि मार्गप्रशस्त गरिदिन रास्वपा सभापति लामिछानेको आग्रह छ।

# प्रधानमन्त्रीको प्रेस विज्ञमा दिपा दाहाल



बुटवल। प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को प्रेस तथा अनुसन्धान विज्ञ पदमा पत्रकार एवं लेखक दिपा दाहाल नियुक्त भएकी छिन्।

प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम उक्त पदमा पत्रकार दाहाल शुक्रबार नियुक्त भएकी हुन्। दुई दशकभन्दा लामो समयदेखि पत्रकारिता र प्राज्ञिक क्षेत्रमा सक्रिय दाहालले शुक्रबारदेखि आफनो कार्यभार सम्हालेकी हुन्। दाहालले प्रधानमन्त्री शाहको सञ्चार रणनीति, मिडिया र अनुसन्धानमा भूमिका निर्वाह गर्नेछिन्।

भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक न्यायको क्षेत्रमा उनको पत्रकारिताको लामो अनुभवलाई सरकारको मुलधारमा जोड्न यो नियुक्ति गरिएको हो।

दाहालसँग रेडियो, टेलिभिजन, छापा र अनलाइन विधामा २० वर्षभन्दा बढिको व्यवसायीक पत्रकारिताको अनुभव छ। उनले पछिल्लो समय उकालो डट कममा वरिष्ठ संवाददाताको रुपमा खोज पत्रकारिता गर्दै आएकी थिइन्।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको पद्मकन्या बहुमुखी क्याम्पसमा विगत सात वर्षदेखि पत्रकारिता अध्यापन गर्दै आएकी दाहालले पत्रकारिता, सञ्चार सिप र मौलिक नेतृत्व (अथेन्टिक लिडरसिप) नेतृत्वको प्रशिक्षक समेत हुन्।

उनले 'कोभिड : नसोचेको, नभोगेको संकट' नामक अनुसन्धानमुलक पुस्तक पनि लेखेकी छिन्।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com